# 'लिखे दमाईको पत्र : विष्टका नाउँमा' कविताको दलित विमर्श

**चतुर्भुजलाल दास केवरत[1]**

[1]Assistant Professor, Patan Samyukta Campus, Tribhuvan University

**Article History:** *Submitted*: 15 March 2026; *Reviewed*: 17 March 2026; *Revised*: 23 March 2026; ***Corresponding Author***: cldkewrat@gmail.com

Copyright 2026 © The Author(s). The publisher may reuse published articles with prior permission of the concerned author(s). The work is licensed under a Creative Commons Attribution 4.0 International License (CC BY-NC4.0).

**DOI**: https://doi.org/10.3126/spectrum.v4i1.92922

**लेखसार**

प्रस्तुत अनुसन्धानमूलक लेख 'लिखे दमाईको पत्र : विष्टका नाउँमा' कविताको दलित विमर्शमा केन्द्रित रहेको छ । प्रगतिवादी कवि विष्णु सुवेदीले यस कवितामा सामाजिक विमर्शात्मक संरचनामा हिन्दु वर्णव्यवस्थाको सांस्कृतिक विमर्शले निर्माण गरेको सोपानक्रमको आधारमा भएका विभिन्न वर्णका बिचको विभेदकारी व्यवहारलाई केन्द्रीय कथ्य बनाएका छन् । प्रस्तुत कवितामा पहाडी समाजमा कथित दलित दमाईले भोग्नुपरेका असमान व्यवहार, उत्पीडन र छुवाछुत, शोषणको कथ्यलाई उजागर गरिएको छ भने कथित उच्च जातीय विष्टका दमनकारी व्यवहार र सामन्ती व्यवहारबारे प्रस्ट पारिएको छ । यस कविताको बारेमा हालसम्म दलित विमर्शका दृष्टिकोणबाट अध्ययन नभएकोले यही नै यसको प्राज्ञिक समस्या हो र यही समस्याको समाधानको लागि प्रस्तुत अध्ययनको कार्य भएको हो । प्रस्तुत कवितालाई दलितको अवधारणाका आधारमा अध्ययन गरिएको छ । विवेच्य कविताको लागि प्राथमिक र द्वितीयक दुवै सामग्रीको उपयोग गरिएको छ । विवेच्य कवितालाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ भने कवितासँग सम्बन्धित र दलित विमर्शसँग सम्बन्धित सामग्रीहरूलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । यसका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत कविताको व्याख्याको लागि पाठमा आधारित विश्लेषण विधिको प्रयोग गरिएको छ । 'लिखे दमाईको पत्र: विष्टका नाउँ'मा कवितालाई मुख्य आधार बनाई अर्थापन, सत्यापन गरी ठोस निष्कर्ष निकालिएको छ । अनुसन्धेय कवितामा नेपाली समाजमा हिन्दु वर्णव्यवस्थाले निर्माण गरेको निर्माण गरेको जातिव्यवस्था र उक्त व्यवस्थाको आडमा गरिने विभिन्न खालका शोषण, अन्याय, अत्याचार र विभेदकारी व्यवहारको वर्णनका साथै दमित पात्रमा सुषुप्त प्रतिरोधी चेतको कथ्यलाई मुख्य विषयवस्तु बनाइएको छ ।

***शब्दकुञ्जी:*** अल्पसङ्ख्यक, उत्पीडन, वर्णव्यवस्था, विभेदकारी व्यवहार, सामाजिक न्याय

## विषयपरिचय

'लिखे दमाईको पत्र : विष्टका नाउँमा' सामाजिक यथार्थवादी कविता हो । प्रस्तुत कवितामा पहाडी ग्रामीण समाजमा बस्ने दलितअन्तर्गत राखिएको दमाई पात्रको विभिन्न खालका समस्या, भोगाइ र पीडाको प्रस्तुतीकरण भएको छ । विवेच्य कविता प्रगतिवादी कवि विष्णु सुवेदीको *विधवा भाउजूहरूको देश* (२०६२) कवितासङ्ग्रहमा सङ्गृहीत रहेको छ । यस कवितामा सामाजिक संरचनामा कथित दलित समुदायका मानिसहरूले कथित गैरदलितका मानिसहरूलाई बडो अदबका साथ सावधानीपूर्वक सम्बोधन गर्नुपर्ने तथ्य प्रकट गरिएको छ । प्रस्तुत कवितामा दलित समुदायको अपठितका पीडा, हिन्दु वर्णवादी सांस्कृतिक संरचनाले निर्माण गरेको वर्णव्यवस्था, उक्त वर्णव्यवस्थाका कारण यहाँका बहुसङ्ख्यक शिल्पी समुदायका कथित दलितहरूले झेल्नुपरेका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक समस्याका विषयवस्तुलाई उठान गरिएको छ । यस कवितामा दलित समुदायको दमाईले दिनरात काम गरे पनि परिवार पाल्न समस्या भएको सामाजिक यथार्थको प्रकटीकरण भएको छ । अध्ययनीय कवितामा दमाई पात्रको पीडा, शोषण, सुषुप्त प्रतिरोधी स्वरको अभिव्यञ्जना छ । दमाई पात्रको छोरा साक्षर भएपछि उसको चेतनामा आएको परिवर्तन र उसले समाजलाई हेर्ने मानसिकतामा आएको परिवर्तनलाई कविले यथार्थ रूपमा प्रस्तुत गरेको देखिन्छ । यस कवितामा वि.सं. १९१०मा 'मुलुकी ऐन' जारी भएदेखि नै यहाँका बहुसङ्ख्यक शिल्पी समुदायमाथि दलितको संज्ञा दिएर समाजमा निरन्तर असमान र अमानवीय व्यवहार हुँदै आएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । सुवेदीले प्रस्तुत कवितामा विगतमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले दलितका बारेमा गीत र कविता रचेका सन्दर्भको ऐतिहासिक तथ्यको प्रस्तुति पनि छ । समाजको पिँधमा रहेर अति सीमान्तीकृत र अपहेलित जीवन बाँच्न बाध्य दमाईको सामाजिक यथार्थको सन्दर्भलाई गम्भीरतापूर्वक उठान गरिएको छ । विभिन्न प्रतीक र बिम्बहरूको प्रयोग गरी लेखिएको प्रस्तुत कविता गद्य कविता हो यद्यपि यसमा अन्तरलयको सटीक प्रयुक्ति भने अवश्य छ ।

## अध्ययनविधि

साहित्यको शोध गुणात्मक प्रकृतिको हुन्छ । कविता साहित्यको एउटा विधा भएको र प्रस्तुत अध्ययन कविताको दलित विमर्शमा केन्द्रित र सीमित रहेकोले यो गुणात्मक प्रकृतिको शोध हो । यसको अध्ययनका लागि पूर्वाध्ययनबाट अन्तराल पत्ता लगाई वस्तुपरक निष्कर्ष निकालिएको छ । पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुवै खालका सामग्रीको उपयोग गरिएको छ । व्याख्याको लागि छनोट गरिएको कविता यसको प्राथमिक सामग्री हो भने कवितासँग सम्बन्धित र दलित भाष्यसँग अन्तरसम्बन्धित सामग्री यसको द्वितीयक सामग्री हो । यसको व्याख्या पाठमा आधारित विश्लेषण विधिमा केन्द्रित रहेको छ । कविताको सूक्ष्म अध्ययन गरी अर्थापन, सत्यापनका आधारमा निष्कर्ष निकालिएको छ ।

## दलितको अवधारणा

दलित शब्दको शाब्दिक अर्थ दमन गरिएको वा थिचिएको भन्ने हुन्छ । वर्णव्यवस्थायुक्त सामाजिक संरचनामा श्रम, सीप र कार्यका आधारमा दलनमा पारिएको समुदाय दलित हो । दलितले सामाजिक विमर्शात्मक संरचनामा थिचिएको, दलिएको उत्पीडित समुदाय हो । समाजमा असमान व्यवहार, छुवाछुतको पीडा भोग्ने, सामाजिक–सांस्कृतिक निर्मितिका आधारमा पछाडि पारिएको, शोषित, पीडित र उपेक्षित अनि वञ्चितीकृत समुदाय दलित हो । नेपाल सरकारको आधिकारिक निकाय राष्ट्रिय दलित आयोगले दलितलाई यसरी परिभाषित गरेको छ,

> हिन्दु वर्णाश्रम, त्यसको जातव्यवस्था, १९१० सालको मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाति भनी जातीय भेदभाव एवं समाजमा अछूत मानिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रूपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई आयोगले दलित वर्ग भनी परिभाषित गरेको छ (राष्ट्रिय दलित आयोग– प्रतिवेदन २०६९/७०, (पृ. ६२) ।

हिन्दु वर्णव्यवस्थाको सांस्कृतिक भाष्य निर्माण गरेर मानव जातिलाई नै उँचनीचका तहमा वर्गीकरण र विभाजन गरेको प्रस्ट छ । यही वर्णव्यवस्थाको आडमा नेपाली समाजमा दलित र गैरदलित गरी दुइटा सामाजिक प्रवर्गको निर्माण भएको देखिन्छ । गैरदलितअन्तर्गत कथित उच्च वर्ण र जातिलाई राखिएको छ भने दलितअन्तर्गत प्रत्यक्ष रूपमा श्रम र सीपसँग जोडिएको वर्ण र जातिलाई श्रेणीकरण गरिएको छ । यसरी मानव जातिलाई नै विभेदीकृत र वर्गीकृत व्यवहार र गैरदलितले दलित समुदायमाथि छुवाछुतजस्तो असमान, विभेदकारी र अमानवीय व्यवहार गर्दै आएको छ । वर्णव्यवस्थामा आधारित हिन्दु सामाजिक संरचनामा मान्छेको जन्म असमान तहमा हुन्छ । यस्तो संरचनामा व्यक्ति जन्मदै ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र भएर सोपानक्रमिक तहमा जन्मन्छ र आजीवन त्यही वर्णको साङ्लोमा बेरिएर बाँच्न विवश हुन्छ (रसाइली, २०७६, पृ. २७) । हिन्दु धर्मग्रन्थ निर्देशित वर्णव्यवस्था र सोही वर्णव्यवस्थाको पृष्ठभूमिमा पालितपोषित सोपानक्रमिक जातीय संरचनाले नेपाली समाजमा विभेदको खाडल निर्माण गर्नमा मद्दत पुऱ्याएको देखिन्छ । उक्त भाष्यलाई तत्कालीन सामन्ती राज्यसंरचनाले निरन्तरता दिएर सीमान्तीकृत दलित समुदायलाई माथि उठ्नै दिएन । दलितहरू भनेका जातीय व्यवस्थाका उपज हुन् जुन नेपाली समाजमा विद्यमान छ । तिनीहरू सामाजिक र सांस्कृतिक हिसाबले वहिष्कृत र वञ्चितीकृत हुनुका साथै राजनीतिक र शैक्षिक हिसाबले पछाडि परेका छन्(चर्मकार, सन् २०२३, पृ.३४) । दलित समुदायका मानिसहरू जहिल्यै विभेदका सिकार हुँदै आए, “नेपाली हिन्दु ‘उच्च जातीय’ राज्यसत्ताले समाजका पींधका समस्यालाई सामाजिक न्यायका आधारमा समाधान गर्न कहिल्यै प्रयत्न गरेन, बरु तिनलाई दबाइराख्न नै आफ्नो सम्पूर्ण शक्ति र बर्कत लगाउँदै आयो” (आहुति, २०६७, पृ. ५९) । तत्कालीन राज्यसत्ताले नै विभेदकारी जातीय संरचनालाई हुर्काउन र अगाडि बढाउन सहयोग गरेको देखिन्छ तसर्थ सत्ताशक्तिबाट टाढा राखिएका

दलित समुदायका मानिसको समुचित पहुँच हुन नसकेको हो । यिनीहरू समाजमा सामाजिक न्याय पाउनबाट लामोसमयसम्म वञ्चित नै रहे । नेपालमा २४१ वर्षे पारिवारिक राजतन्त्रको अन्त्य भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भए पनि भेदभावकारी सामाजिक चिन्तन, बडा तथा साना जातमा विभाजित संरचनामा परिवर्तन हुन सकेको छैन (सुन्दास, २०७०, पृ.३४) । नेपालमा वर्णव्यवस्था राजकीय तहबाट आधिकारिक रूपमा मान्यता पाउँदै आएको ऐतिहासिक शृङ्खला भेटिन्छ । भारततिरबाट आएका लिच्छविहरूले यहाँका किरातहरूलाई पराजित गरेर शासनको बागडोर आफ्नो हातमा लिएपछि यिनै लिच्छविहरूले वर्णव्यवस्थाको सूत्रपात्र गरेको भनिन्छ । नेपालमा वर्णव्यवस्थाको आरम्भकर्ता रूपमा लिच्छवि राजा सुपुष्प देवलाई लिने गरिन्छ । यही वर्णव्यवस्थाभित्र जातिपातिको व्यवस्था क्रमिक रूपमा विकसित भएको पाइन्छ (वैद्य र अरूहरू, सन् १९९३, पृ. २२–२३) । हिन्दु वर्णव्यवस्थाभित्र ब्राह्मण। क्षेत्री, वैश्य र शूद्र गरी चार वर्णमा विभाजन गरी तिनका कामका पनि विभाजन गरिएको पाइन्छ । यसअन्तर्गत ब्राह्मणको काम पढ्ने/पढाउने, यज्ञ गर्ने/गराउने, दान लिने/दिने आदि थियो भने राज्य सञ्चालन तथा प्रशासन सञ्चालनको अभिभारा क्षत्रिय वर्णका मानिसलाई तोकिएको थियो । त्यसैगरी कृषिकर्म र व्यापार सञ्चालनको कार्य वैश्यलाई तोकिएको थियो भने शद्र वर्णका मानिसको काम भने माथिल्ला तीनवटै वर्णका मानिसहरूका सेवाटहल गर्ने भनी तोकिएको पाइन्छ । हिन्दु वर्णव्यवस्थाले मानिसहरूलाई विभिन्न वर्ण तथा जातजातिमा विभक्त गरेको पाइन्छ । काठमाडौं उपत्यका नेपाल मण्डलका राजा जयस्थिथि मल्लको शासन कालमा यस प्रथाले झन् बढी प्राथमिकता पाएको हो । यसरी नेपाली समाजभित्र जातिव्यवस्था तथा जातीय भेदभावपूर्ण व्यवहारले प्रश्रय पाएको ऐतिहासिक सन्दर्भ छ (कार्की, २०६८, पृ. ५–६) । यसरी तत्कालीन हिन्दु वर्ण वर्णव्यवस्थाको जगमा निर्मित सांस्कृतिक निर्मितिमा चौथो अर्थात् तल्लो शूद्र वर्णमा वर्गीकृत मानिसहरू नै कालान्तरमा दलितका रूपमा समाजमा चिनिन थालिएको पाइन्छ । यही वर्णव्यवस्थाको आधारभूमिमा पछिल्लो समयमा जातीय सोपानक्रमको निर्माण गर्दै समाजमा दलित र गैरदलितको अवधारणा विकसित भएको हो ।

दलित शब्दले सामाजिक प्रणालीमा तल्लो तहमा रहेको दमन गरिएको र थिचिएको जातिलाई जनाउँछ । समाजमा दलित अछुतका रूपमा व्यवहृत हुन्छ । सामाजिक विमर्शात्मक संरचनामा दलितहरू सदियौँदेखि विभेद र जातीय बहिष्कारका विरुद्ध प्रतिरोध गर्दै आएको पाइन्छ (Tamilpoo & Dharani, 2023, p. 45) । साहित्यमा दलितका विषयवस्तुबारे अध्ययन गरिन्छ । दलित साहित्य दलित समुदायको आवाज हो । यसअन्तर्गत जाति प्रथाका कारण निर्मित भेदभाव र अपमानलाई चुनौती दिँदै स्वतन्त्रता र समानताको खोजी गरिएको हुन्छ । यसले सामाजिक सत्यहरू माथि प्रकाश पार्नुका साथै सामाजिक रूपान्तरणको चाहना राख्छ (Habeeb, 2024, p. 11) । आरम्भमा वर्णव्यवस्थामा शूद्र वर्णका रूपमा वर्गीकृत समूह नै कालान्तरमा कथित अछुत जातिका रूपमा दलितका रूपमा व्यवहार गर्न थालिएको पाइन्छ ।

## विमर्श र परिणाम

सामाजिक सोपानक्रम हिन्दु वर्णवादी व्यवस्थाको आडमा निर्मित वर्णव्यवस्थाले विगतमा श्रमका संलग्नताको आधारमा समाजमा विभिन्न खालका व्यवस्था निर्माण गरेको पाइन्छ । वर्णव्यवस्थालाई आधार बनाई जन्मकै आधारमा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरी चारवटा वर्णहरूको भाष्य निर्माण गरेको छ । उक्त आधारमा श्रम, सीप र शिल्पसँग प्रत्यक्ष जोडिएको समुदायलाई समाजमा अछुतको व्यवहार गँदै आएको पाइन्छ । धर्मको आडमा समाजका टाठाबाठाले विभिन्न खालका असामान असामाजिक र अमानवीय व्यवहार गर्दै आएको छ । सामाजिक संरचनामा आर्थिक हिसाबले धनी र टाठाबाठाहरूले आफूलाई उच्च कोटिमा राखेर बाँकीमाथि अन्याय, अत्याचार गर्दै आएका इतिहास साक्षी छ । श्रम र सीपमा संलग्न जातजाति तथा वर्गलाई कथित दलितको संज्ञा दिएर विगत लामो समयदेखि उपेक्षा र तिरस्कारको व्यवहार गरिँदै आएकोले बहुसङ्ख्यक मानिसहरू छुवाछुतजस्ता अमानवीय संस्कार तथा संस्कृति भोग्न बाध्य भए ।

साहित्यमा दलित समुदायको विषयवस्तुले पनि प्रजातन्त्र प्राप्ति पछि नै प्रकट हुने अवसर पाएको देखिन्छ । साहित्यका विभिन्न विधामा दलित समुदायका अव्यक्त पीडाका विषयवस्तुको अभिव्यक्ति पाइन्छ । साहित्यमा दलित समुदायका सङ्घर्षका अनुभूति, अपमानित र अप्रतिष्ठित हुनुपरेका पीडा, सामाजिक सांस्कृतिक क्षेत्रमा भोग्नुपरेका छुवाछुतजस्ता अमानवीय क्रियाकलापले सिर्जना गरेको हीनताबोध आदि सबै अपमान र उत्पीडन एवम् त्यसबाट मुक्तिका लागि नवीन सङ्घर्ष दलित सौन्दर्यका रूपमा प्रकट हुन्छन् (अधिकारी र रिजाल, २०७४, पृ. २३) । वर्णव्यवस्था र जातीय संरचनाका आधारमा मान्छे मान्छेका बिच विभेदकारी र अमानवीय व्यवहार समाजका कलङ्कित यथार्थ हुन्, वर्तमान सूचना प्रविधिको युगमा सामाजिक न्यायपूर्ण व्यवहार गर्नु आवश्यक छ । कवि सुवेदी समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिकलगायतका सीमान्तीकृत र उपेक्षितका समस्यालाई आफ्ना कविताको विषयवस्तु बनाएको पाइन्छ । सुवेदीका कवितामा सामाजिक विकृति, विसङ्गति, अन्धा रूढिवादका विषयवस्तुको प्रस्तुति पाइन्छ (मास्के र यात्रा, २०७७, पृ.८१) । नेपाली समाजका विविध समस्याको उठान गर्दै परिवर्तन र सामाजिक रूपान्तरणका पक्षधर सुवेदीको प्रस्तुत कवितामा वर्गीय र जातीय विभेदको स्वरलाई मुख्य विषयवस्तु बनाइएको छ ।

## निरक्षरताको पीडा

प्रस्तुत कविताको केन्द्रीय चरित्रमार्फत् दलित समुदायको पाठको अपठितको अवस्थाको प्रकटीकरण भएको छ । कविले पात्रको अपठितपनको आत्मानुभूतिलाई यसरी प्रस्तुत गरेका छन्,

> बडो जान्ने ठान्नुहोला, बडो बुझ्ने मर्जी होला
> सानेले भनेको कसरी हैन भनौं
> म जस्तो कखरा नपढेको हैन ऊ (सुवेदी, २०६२, पृ. २६) ।

उपर्युक्त साक्ष्यमा पात्रले आफ्नो निरक्षरताको अवस्थालाई आत्मसात् गरेको छ। आफू पढ्ने अवसर नपाएर निरक्षर अवस्थामा बाँच्नुपरेको तथ्य उद्घाटित छ। प्रस्तुत कवितामा कथित दलित पात्रको अपठित अवस्थालाई यथार्थपरक किसिमबाट वर्णन गरिएको छ। यस कवितामा सामाजिक संरचनामा विभिन्न पेसा व्यवसाय तथा रोजगारीमा प्रत्यक्ष श्रम गर्ने समूह जो अध्ययनक्रमबाट वञ्चित भएको देखाइएको छ। तिनका सन्तान दर सन्तान गरिबी र अशिक्षाका सिकार भए। तिनीहरू शिक्षा पाउन नसकेकाले प्रखर खालको चेतनाको विकास नभएको हो। चेतनाको विकास नभएकोले समाजमा विभेद, उत्पीडन, दलनमा पर्न बाध्य भए। कथित दलित पात्रको निरक्षरताको पीडालाई सुवेदीले यसरी प्रस्तुत गरेका छन्: "सबै सहिएछ अन्धो भएर/सबै सहिएछ लाटो भएर" (सुवेदी, २०६२, पृ. २६)।

उपर्युक्त साक्ष्यमा कथित दलित पात्र दमाईको निरक्षताको निरीहताको प्रतिबिम्बन भएको छ। ऊ नपढेकोले मालिकले भनेको, लाए अह्राएका सबै काम एवम् गतिविधिलाई मानेको तथ्य यस साक्ष्यले उद्घाटन गरेको छ। यहाँ अन्धो शब्दले अज्ञानतालाई सङ्केत गरेको छ र मालिकका हरेक क्रियाकलापप्रति सही थापेको वास्तविकतालाई उजागर गरेको देखिन्छ। गरिबी र अभावका कारण दलित समुदायका मानिसहरू समयमै पढ्न नपाएका सामाजिक यथार्थलाई उपर्युक्त साक्ष्यले पुष्टि गरेको छ। यस सन्दर्भमा दलित समुदायको पात्रको अपठित अवस्थालाई इङ्गित गरेको छ। गरिबी, बेरोजगारी र अभावले थलिएको दलित समुदायको पात्र ज्ञानआर्जन प्रक्रियाबाट टढिएको सन्दर्भ अनौठो भने होइन।

**शोषणका शृङ्खला**

नेपाली समाजमा दलित समुदायका मानिसहरूले विभिन्न खालका शोषणको सिकार भएको पाइन्छ। उनीहरूका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक आदि क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शोषण भएको देखिन्छ। सुवेदीले यस कवितामा दलित पात्रका शोषणका विभिन्न सन्दर्भबारे प्रस्तुत गरेका छन्: "त्यो बेलाको धम्की र कीर्ते तमसुक बिर्सन/नपत्याए यी चोटहरू छातिभित्र अझै आलै छन्" (सुवेदी, २०६२, पृ. २६)।

उपर्युक्त साक्ष्यले धनी वर्गको कथित उच्च जातिको मालिकले गरेको आर्थिक शोषणको सन्दर्भ अभिव्यञ्जित गरेको छ। यसमा वर्गीय संरचनायुक्त समाजमा अभिजात वर्गले निम्न वर्गको शोषण गर्नुका साथै धनाढ्य व्यक्तिका सुदखोर प्रवृत्ति उजागर गरिएको छ। समाजका साहु, महाजन तथा भूमिपति एवम् विष्ट, काजीहरूले जनबल, धनबलको प्रयोग गरेर विपन्न वर्गीय दलित समुदायका मानिसहरू चरम आर्थिक शोषणको सन्दर्भलाई उपर्युक्त साक्ष्यले प्रमाणित गरेको देखिन्छ। गरिब वर्गका दलित समुदायका मानिसहरूलाई विभिन्न खालका धाकधम्की र डर त्रास देखाएर कीर्ते तमसुक बनाउन लगाउने सामाजिक यथार्थलाई यस पङ्कतिले उद्घाटन गरेको छ। सामाजिक संरचनामा उत्पादनका साधनस्रोतमा पकड र पहुँच भएको धनी वर्गले विपन्न वर्गका मानिसको आर्थिक शोषण गर्ने तथ्यलाई उपर्युक्त साक्ष्यले पुष्टि गरेको देखिन्छ। विवेच्य कवितामा वर्गगत हिसाबले धनी र जातीय दृष्टिकोणबाट कथित उच्च रहेका पात्रह रूले दलित समुदायको श्रमको शोषण गरेको तथ्यलाई कविले यसरी प्रस्तुत गरेका छन्,

के पो ढाँट्नु र मालिक अब पनि ।
तपाईको बिहेमा दौरा सिउँदा थुकै थुकले धागो बाटेको थिएँ
बेलुकी पख तपाईकै बहिनीसँग पिरति साटेको थिएँ
थुप्रै छन् मालिक, थुप्रै छन्, भनेर के साध्ये ?
तपाईकै इज्जत जाला, खानदानीमा दाग लाग्ला । (सुवेदी, २०६२, पृ. २७)

उपर्युक्त साक्ष्यमा दलित पात्रको श्रमशोषणको यथार्थ प्रस्ट भएको छ । प्रस्तुत साक्ष्यमा धनी वर्गको र उच्च जातिको विष्टले दलित समुदायको श्रमिकलाई काम लगाएर ज्याला नदिएको तथ्य उजागर भएको छ । दलित समुदायको पात्रले विष्ट काजीको बिहेमा लुगा सिउने काम गरेको तर उसले आफ्नो काम वापतको पारिश्रमिक नपाएकोले उसको श्रमको शोषण भएको स्पष्ट छ । दलित समुदाय अन्तर्गतको दमाईको काम भनेको बिहे व्रतबन्ध आदिमा बाजा बजाउनुका साथै कथित उच्च जातिलगायत अन्य जातिका मानिसहरूको लुगाफाटो सिउनु हो, परम्परागत रूपमा बाजा बजाउने र लुगाको काम गर्ने जाति दमाई हो । दमाहा बजाउने पेसा भएका जातिलाई दमाई भनिएको पाइन्छ (रसाइली, २०७६, पृ.२५२) । समाजको पिँधमा राखिएको दलित समुदायको पात्रले कथित उच्च जातिको मालिकको बहिनीसँग प्रीति गाँसेको तर जातीय सोपानक्रमको डर एवम् प्रभुत्वका कारण भन्न नसकेको तथ्य पनि उद्घाटित भएको छ । माथिको साक्ष्यमा दलित समुदायको पात्रलाई विभिन्न काममा संलग्न गराएर पारिश्रमिक नदिएकोले उसको श्रमशोषण भएको वास्तविकता छर्लङ्गिएको छ । यस सन्दर्भमा निम्नजातीय र निम्नवर्गीय पुरुष पात्रको श्रमशोषणको यथार्थता अभिव्यक्त भएको छ (त्रिपाठी, २०६२, पृ.बे.) । यस सन्दर्भमा गरिब वर्गको सामाजिक विमर्शात्मक संरचनामा दलितको संज्ञा भिराइएको पात्रको श्रमशोषणको सामाजिक आर्थिक सन्दर्भ उद्घाटित भएको छ । उपर्युक्त साक्ष्यमा थुकै थुकले धागो बाटेको प्रसङ्गले कवितामा वर्णित दलित पात्रले खाई नखाई श्रम गरेको र मालिकले उक्त श्रमको उचित मूल्याङ्कन नगरेको तथ्य अभिव्यञ्जित भएको छ ।

## छुवाछुतको पीडा

नेपाली समाजमा हिन्दु वर्णव्यवस्थाको आधारभूमिले निर्माण गरेको सांस्कृतिक विमर्शका आधारमा छुवाछुतको पृष्ठभूमि निर्माण भएको पाइन्छ । हिन्दु सामन्तवादी व्यवस्थाको पृष्ठभूमिमा निर्मित यहाँको मुलुकी ऐनबाट नै सामाजिक छुताछुतको व्यवहारलाई वैधानिकता प्रदान गरिएको ऐतिहासिक सन्दर्भ छ । श्री ५ सुरेन्द्र विक्रम शाहदेवको पालामा वि.सं.२०१०मा मुलुकी ऐन जारी गरिएको थियो । हिन्दु धर्मशास्त्र र मनुस्मृतिका आधारमा निर्मित मुलुकी ऐनमा नेपाली जातीय सोपानक्रमका बारेमा यस्तो उल्लेख गरिएको छ, "...जनै दिनेको, बिहावारीको, घटीबढी जातमा करणी गर्नेको, पानी नचल्ने जातको, अनाचार निर्णयको, भातमा बोर्नेको, धर्माधिकारको महल कायमै थियो र हिन्दु धर्मशास्त्रीका कतिपय व्यवस्थाले स्थान पाइरहेको थियो" (श्रेष्ठ, २०५२, पृ.बे.) । यस साक्ष्यमा हिन्दु धमशास्त्रनिर्देशित जातीय संरचनालाई प्रस्ट उल्लेख गरिएको छ । विगतमा राज्यले नै वर्णव्यवस्थाको तहगत संरचनालाई वैधानिक मान्यता दिएर समाजमा विभिन्न वर्णका

बिचको विभेदकारी व्यवहारको वीजारोपण गरेको प्रस्ट छ नेपाली समाजमा विद्यमान उँचनीचको असमान व्यवहारलाई कवि सुवेदीले यसरी प्रस्तुत गरेका छन्,

हुन त भएको कुरा गर्दा माफ पो के माग्नु र ।
रगत र श्रम चल्दा पनि पानी चल्दैन,
साधन र स्रोत चल्दा पनि शरीर चलेन । (सुवेदी, २०६२, पृ.२७)

उपर्युक्त साक्ष्यले नेपाली समाजमा विद्यमान छुवाछुतजस्तो अमानवीय र असामाजिक व्यवहारलाई उजागर गरेको छ । एक्काइसौँ शताब्दीमा पनि धर्मशास्त्रनिर्देशित मूल्यमान्यता एवम् सांस्कृतिक भाष्यका आधारमा दलित भनेर अमानवीय व्यवहार गर्ने तथ्यलाई प्रस्ट पारिएको छ । नेपाली समाजमा श्रम, सीप, शिल्प र रोजगारीसँग सम्बद्ध बहुसङ्ख्यक मानिसहरूलाई असमान व्यवहार गरिँदै आएको पाइन्छ । यसले श्रमको सम्मानको साटो अपमानको कामसमेत भएको छ । विगत लामो समयदेखि उत्पीडन भोग्दै आएको दलित समुदायको समग्रजीवन गैरदलितद्वारा निर्मित धार्मिक सांस्कृतिक मूल्यमान्यताहरूद्वारा घेरिएको र बेरिएको पाइन्छ । छुवाछुतले अमानवीय व्यवहारलाई त निर्देश गर्छ नै यसका साथसाथै गैरकानुनी र विभेदकारी व्यवहारसमेतलाई इङ्गित गर्दछ, “श्रम र सिपका कारण सांस्कृतिक तथा सामाजिक प्रकार्यमा विशेष भूमिका भएर पनि समाजमा उच्च स्थान नहुनामा त्यही अश्पृश्यता नै मुख्य कारण बनेको देखिन्छ” (शर्मा, २०७८, पृ. १३८) । नेपाली समाजमा वर्णव्यवस्थाबाट निर्मित संस्कृतिका आधारमा दलितप्रति छुवाछुतजस्तो घृणित र घटिया व्यवहार गरिँदै आएको तथ्यलाई सुवेदीले इमानदारिताका साथ प्रस्तुत गरेका छन् ।

## सांस्कृतिक चेत

प्रस्तुत कवितामा केन्द्रीय पात्रको छोरा सानेको मनोविज्ञानमा चेतनाको विस्तार भएको प्रस्तुति छ । उसको छोरा साने छिमेकी देशको सहरमा गएर पुस्तक पढेर ज्ञान प्राप्त गरेको सन्दर्भ यसरी प्रस्तुत गरिएको छ,

सिक्किमको कुना— कुना पसेर पोस्तक पनि पढेको भन्थ्यो
मालिक, अचेल ऊ तपाईहरू जस्ताले
आफू अनुकूल तयार पारेको गीता र बर्णाश्रम
चण्डी र जातिपाति प्रथा पढ्न थालेको छ ।
मनुस्मृति र बेदहरू खार्न थालेको छ । (सुवेदी, २०६२, पृ. २६) ।

उपर्युक्त साक्ष्यमा कविताको मुख्य पात्रको छोरा छिमेकी देश भारतको सिक्किम सहरमा गई पढेर साक्षर भएकाले उसको चेतनाको विकास भएको छ । उसमा शैक्षिक आलोक विस्तार भएकाले ऊ समाजका गतिविधि र सामाजिक, सांस्कृतिक र ऐतिहासिक सन्दर्भ बुझ्न र पर्गेल्न समर्थ भएको देखिन्छ । नेपाली समाजमा सामन्तवादी राजतन्त्रको आडमा हुर्केको जातभातको प्रथा र उक्त जातभातकै जगमा निर्मित जातीय उँचनीचको सोपानक्रमका बारेमा अध्ययन मनन गर्न संलग्न भएको हो भन्न सकिन्छ । उसको चेतनामा

विकास भएको र उसले समाजका हरेक विषयवस्तुलाई सामाजिक ऐतिहासिकताको आधारमा तुलना प्रतितुलना गरेर सम्यक् दृष्टि निर्माण गर्न खोजेको स्पष्ट छ । विगत लामो समयदेखि जकडिए ऊ सामाजिक, सांस्कृतिक सन्दर्भ बुझ्नका लागि समाजका सामन्त वर्गका ज्ञानार्जनका ग्रन्थ पढ्न थालेको तथ्यबारे प्रस्ट वर्णन गरिएको छ । यस सन्दर्भमा सानेमा ज्ञानार्जनको भोक जागृत हुनुका साथै समाज मनोविज्ञान बुझ्ने चाहनासमेत रहेको प्रस्ट हुन्छ । वर्णव्यवस्थाले निर्माण गरेको छुवाछुत संस्कृति र सोहीअनुसार गरिने असमान र अमानवीय व्यवहारबाट पीडित प्रताडित भएर सानेले ज्ञानको खोजीमा प्रभुत्वशाली पक्षधरका ग्रन्थ पढ्न थालेको स्पष्ट छ । सानेले प्रभुत्वशाली पक्षधरका अमूक ग्रन्थ पढ्न खोज्नु भनेको ज्ञानार्जनको प्रक्रिया त हुँदै हो यसका साथसाथै उसमा ऐतिहासिक र सांस्कृतिक चेतसमेतको विकास भएको हो भनी अर्थ्याउन सकिन्छ । कवि सुवेदीले उत्पीडित समुदायको मुक्ति गैरदलितबाट सम्भव नदेखेर सोही समुदायकै योद्धा तयार गराएको देखिन्छ जुन उपयुक्त र आवश्यक पनि छ ।

कवि सुवेदी आफूले नेपाली समाजको गतिविधिलाई राम्ररी नियालेर सम्यक् प्रस्तुति दिएको देखिन्छ । विगतमा कथित ठुला जातिका शोषक, सामन्त एवम् ठालुहरूले पढ्नमा प्रतिबन्ध नै लगाएका र लामो समयसम्म ज्ञानार्जन प्रक्रियाबाट निषेध एवम् वञ्चितीकृत समूहका पात्रलाई रुद्री, चण्डी पढ्न लगाउनु सामाजिक रूपान्तरणका लागि आवश्यक क्रान्तिकारी कदम हो । जुन कुरा कवि सुवेदीले बोध गरेर समाजमा विद्यमान विभेदीकृत व्यवहारको जालो तोड्न खोजेका हुन् । यस सन्दर्भमा कवि सुवेदीको सांस्कृतिक रूपान्तरणकारी चेत मुखरित भएको छ । कविले प्रस्तुत साक्ष्यमार्फत समाजमा विगत लामो समयदेखि संस्कृतिको रूपमा विकास गरेको कथित दलित समुदायको ज्ञानार्जन प्रक्रियामा निषेधीकरणको संस्कृति नै भत्काउन खोजेका हुन् भन्ने स्पष्ट छ । सबै खालका ज्ञानमा सबैको सहज र सुलभ पहुँच हुनु पर्दछ । ज्ञानार्जन प्रक्रियामै कित्ताकाट र विभाजन अनि निषेध गर्ने अमानवीय र असामाजिक गतिविधिप्रति कविको असन्तुष्टिको दृष्टिकोणसमेत उजागर भएको छ ।

सुवेदीले यस कवितामा दलित पात्रको सांस्कृतिक चेतको उद्घाटन गरेका छन् । समाजमा चेतनाको विस्तारसँगै दलित समुदायको चेतनामा परिवर्तन आएको तथ्यलाई कविले उजागर गरेका छन् । समाज गतिशील हुन्छ । समाजको गत्यात्मकताको प्रभाव र प्रतिबिम्बन साहित्यिक कृतिमा हुन्छ । सुवेदीले देवकोटाको सन्दर्भ व्यक्त गरेर दलित विमर्शको ऐतिहासिक लेखनको प्रसङ्गलाई जोड्न खोजेको देखिन्छ । नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले समाजका सीमान्तीकृत दमाईको बारेमा गीत रचना गरेका यथार्थलाई कविले उठान गरेका छन्, "देवकोटा बाजेले लेखेका छन् रे नि" (सुवेदी, २०६२, पृ. २६) । नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटाको वि.सं.२०१०मा प्रकाशित 'दमाई दाइ' शीर्षकको गीतबाट दलित समुदायको प्रविष्टि भएको देखिन्छ । प्रस्तुत गीतमा जातिवादी सन्दर्भको अभिव्यञ्जनाका साथै समतामूलक भावको अभिव्यक्ति पाइन्छ । त्यसपछि प्रकाशित उनको 'एक सुन्दरी च्यामिनीप्रति' (२०१३) कविता हो । यस कवितामा कथित उच्च जातीय अहङ्कारवादी चेतनाका विरुद्ध कथित तल्लो जातमा रहेको सौन्दर्यको कलात्मक वर्णन

पाइन्छ (बराली र अधिकारी, २०७७, पृ.९६) । सुवेदीले नेपाली साहित्यमा दलितका विषयवस्तुले प्रवेश पाएको सन्दर्भ जोडेर दलित पात्रको ऐतिहासिक सांस्कृतिक चेतको अवस्थालाई प्रस्ट्याउन खोजेका छन् । नेपालमा १०४ वर्षे राणा शासनको अन्त्यपश्चात् नै महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्ना रचनामार्फत सामाजिक सांस्कृतिक जातीय असमानताप्रति कडा विमति प्रकट गर्दै कथित दलित समुदायप्रति सम्मानको भाव प्रकट गरेको देखिन्छ । उनले सामाजिक संरचनामा छुताछुतको अमानवीय पीडादायी व्यवहार भोग्दै गरेको दमाई जातिप्रति सहानुभूति दर्शाउँदै र समभाव राख्तै दमाई दाइ शीर्षक राखेको स्पष्ट छ । यसमा कविको ऐतिहासिक चेतनासमेत उजागर भएको छ ।

सुवेदीले प्रस्तुत कवितामा दलित तर केन्द्रीय चरित्रको माध्यमबाट विद्यमान व्यवस्था र परम्पराप्रति व्यङ्ग्य प्रहार गरेको स्पष्ट छ । यस कवितामा कविले व्यङ्ग्यको सन्दर्भलाई निम्नानुसार प्रस्तुत गरेका छन्,

> एक्कासी यत्रो आँट ! भन्नुहोला,
> बाघको खोरमा शङ्खध्वनि ठान्नुहोला
> के गर्नु ? जीवन बुझ्न नसकेरै धानेका रहेछौं
> सर्प पाल्ने परम्परा । (सुवेदी, २०६२, पृ. २६) ।

उपर्युक्त साक्ष्यमा वर्गीय हिसाबले अभिजात र वर्णव्यवस्थाको हिसाबले कथित उच्च जातिलाई मान्दै आएकोप्रति व्यङ्ग्योक्तिको भाव व्यक्त भएको छ । यस साक्ष्यमा दलित पात्रले सामाजिक संरचनामा शक्तिशाली भएर बसेको विष्टलाई 'बाघको खोरमा शङ्खध्वनि' भनेका व्यञ्जनामा चुनौती हो । सर्प शब्दले दलितका लागि शोषक र विषालु एवम् हानिकारकका रूपमा सङ्केत गर्न खोजिएको छ । सर्प पाल्ने परम्परा शब्दावलीले वर्णव्यवस्था अन्तर्गतको कथित उच्च जातीय परम्पराको सन्दर्भलाई इङ्गित गरेको छ । आफूले थाहा पाई पाई सामाजिक संरचनाको विषालु सर्पलाई पालनपोषण गरिरहेकोप्रति कडा व्यङ्ग्य प्रहार गरिएको छ । हिन्दु सामन्तवादी वर्णव्यवस्थालाई आधार मानेर बनाइएको विभेदकारी मुलुकी ऐनप्रति व्यङ्ग्य प्रहार गरिएको छ । सुवेदीले "मुलुकी ऐन जिन्दावाद" ( सुवेदी, २०६२, पृ.२७) । यस साक्ष्यमा मुलुकी ऐनमा नै वर्णव्यवस्थाका आधारमा छुताछुतको सांस्कृतिक भाष्य निर्माण गरिएकोप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । प्रगतिवादी कवि स्रष्टाहरूले वर्ण र जातका आधारमा हजारौं वर्षदेखि मानिसबिचका भेदभाव, उत्पीडन र उपेक्षाको संस्कृतिहरू हटाउन यथार्थपरक प्रस्तुति दिएका छन् (पाण्डेय, २०७०, पृ.१२७—१६२) । 'मुलुकी ऐन जिन्दावाद' शब्दावलीलाई अभिधाको तहबाट नभई व्यञ्जनाको तहबाट बुझ्नु पर्दछ र यस पदावलीले मानव मानवका बिचमा विभेद सिर्जना गरेकाले मुक्तकण्ठले प्रशंसा नगरी आलोचना गरिएको यथार्थ अभिव्यक्त छ । हिन्दु धम प्रभावित भएर तयार गरिएको तत्कालीन मुलुकी ऐनले सामाजिक संरचनामा जातीय सोपानक्रम निर्माण गरेकोप्रति कविको व्यापक असन्तुष्टिको भाव अभिव्यञ्जित भएको छ । राज्यको मूल कानुन मानिने ऐन नै असमान र विभेदकारी भएकाले कविले उक्त कानुनी दस्तावेजलाई गलत ठहर्याएका छन् । राज्यले नागरिकका लागि बनाएका ऐन कानुन विभेदकारी हुनु हुँदैन भन्ने

कविको ठहर हो । प्रस्तुत कवितामा समाजमा विद्यमान सांस्कृतिक विभेदप्रति कटु आलोचनाको भाव अभिव्यक्त भएको देखिन्छ ।

## प्रतिरोधी स्वर

प्रस्तुत कवितामा वर्गीय, जातीय असमानता र विभेदकारी अनि अमानवीय व्यवहारको बारेमा कडा आलोचना गर्दै असहमतिको स्वर मुखरित भएको छ । नेपाली समाजमा आर्थिक शोषण, जातीय छुवाछुतका आधारमा असमान र अमानवीय व्यवहार गरिँदै आएकोप्रति उत्पीडित दलित समुदायमा चेतनाको विकास भई प्रतिरोधी स्वर अभिव्यक्त भएको पाइन्छ । सामाजिक अन्याय, अत्याचार, दमन, उत्पीडनका सन्दर्भमा दमितले दमनकारीका विरोधमा प्रतिक्रिया जनाउनु प्रतिरोध हो (Singh, 2020, p. 218) । यस कवितामा दलित समुदायका पात्रको असहमति र विरोधका विचारहरू अभिव्यञ्जित भएका छन् । सुवेदीले उक्त सन्दर्भहरूलाई यसरी प्रस्तुत गरेका छन् । सामाजिक संरचनामा बलशाली रहेका पक्षधरले गरिब, निमुखा, उत्पीडित तथा वञ्चितीकृत वर्ग, जाति, समुदाय एवम् लिङ्गमाथि अन्याय, अत्याचार, दमन गर्दा उत्पीडित पक्षधरले असमान र हेलायुक्त व्यवहारको कतै खुलेर त कतै अप्रत्यक्ष रूपमा विरोध गर्छन् । विरोधका मूलभूत रूपमा दुइटा तरिकाहरू हुन्छन् । एउटा त बोलेर तत्कालै जवाफ फर्काउनु अर्कोचाहिँ शारीरिक, साङ्घातिक आक्रमण प्रत्याक्रमण गरेर प्रतिरोध गर्नु हुन्छ । कमजोर पक्षधरले आफ्नो सामर्थ्यको आधारमा प्रतिरोधको स्वर निकालेको हुन्छ । ऊ कमजोर भएको बेला विरोध गर्दैन तर मलिन स्वरमा आफ्ना असन्तुष्टि र विमतिका भावहरू प्रस्तुत गर्न सक्छ । यस कवितामा सामाजिक विमर्शात्मक संरचनामा दलित पात्रले एकातिर मालिकलाई फुर्क्याएजस्तो पनि छ र अर्कोतिर असन्तुष्टि र अहमतिका विषयवस्तु राख्ने कामसमेत गरेको सन्दर्भलाई निम्न साक्ष्यले प्रस्तुत गरेको छ ।

> जदौ मालिक ।
> पाउ नपरी ढोग गरेँ
> विराम भयो क्षमा पाऊँ
> हुन त छोराले क्षमा नमाग्नु भन्थ्यो
> शिर नझुकाउनु भन्थ्यो,
> तर पनि मालिक, परम्परा तोड्न
> संस्कृति भाँच्न अलि साह्रै पर्दोरहेछ ।
> कता कता गाउँकै स्याल राम्रो लाग्ने मालिक (सुवेदी, २०६२, पृ. २६) ।

उपर्युक्त साक्ष्यमा आरम्भमा गाउँको ठालुलाई ‘जदौ’ भनेर बडो अदवका साथ सम्बोधन गरे पनि पछिल्ला पङ्क्तिमा त्यसमा विचलन आएको छ । आफ्नो छोराको सन्दर्भलाई जोड्दै दलित पात्रले शक्तिशाली पात्र विष्टको विरोध गरेको प्रस्ट देखिन्छ । ‘परम्परा तोड्ने’ शब्दावली प्रयोग गरेर विष्टलाई चुनौती दिएको देखिन्छ र मानवमाथि नै अमानवीय व्यवहार गर्ने मालिकलाई धूर्त स्यालसँग दाँजिएको छ । यहाँ स्यालको प्रतीकात्मक अर्थले धुर्त्याइँका साथसाथै शोषण गर्ने प्रवृत्तिलाई उजागर गर्न खोजिएको छ । समाजमा धनी

वर्गका मानिसले गरिब वर्गका मानिसको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक शोषण र दोहन गर्दै आएकाप्रति कविको तीव्र असन्तुष्टि इङ्गित भएको छ । उपर्युक्त साक्ष्यको माध्यमबाट कविले एकातिर नेपाली समाजको अश्वेत पक्षको उद्घाटन गर्न खोजेका छन् भने अर्कोतिर शिल्पी समुदायलाई दलित भनेर हेपाहा व्यवहार गर्दै आएकोप्रति मानवतावादी चेतसमेतको अभिव्यञ्जना भएको स्पष्ट छ । छोराले शिर नझुकाउनु भन्ने पदावलीले विभेदकारी र शोषक मालिकका अमानवीय व्यवहारप्रतिको असहमति र असन्तुष्टिको भाव उजागर भएको छ । यसका साथै मालिकका अवाञ्छनीय गतिविधिप्रतिको कडा प्रतिरोधको स्वरसमेत मुखरित भएको छ । कविताको यस साक्ष्यमा कमजोरै भए पनि उत्पीडित पात्रले आफ्नो मनको उकुसमुकसलाई शब्दको माध्यमबाट अभिव्यञ्जना दिएको स्पष्ट छ ।

सामाजिक संरचनामा कथित उच्च जाति र कथित तल्लो जातिका बिचमा असमान र अमानवीय व्यवहार रहेकाप्रति कविले पात्रका माध्यमबाट असहमतिको भाव त व्यक्त गरेका छन् नै यसका साथै विद्रोहको भाव पनि व्यक्त गरेको देखिन्छ, "साधन र स्रोत चल्दा पनि शरीर चलेन । कहाँ सकिँदो रहेछ र सधैँभरि मुखमा ताल्चा ठोक्न" (सुवेदी, २०६२, पृ. २७) । यस साक्ष्यमा समाजमा उँचनीच जातीयताका आधारमा विभेद सिर्जना गरी दलितका पानी नचल्ने सन्दर्भलाई प्रस्ट्यान खोजिएको छ । शिल्पी समुदायअन्तर्गत पर्ने दलित समुदायले बनाएका विभिन्न खालका घरेलु सामग्री, कृषि सामग्री र औजार आदि प्रयोग गर्न मिल्ने तर तिनले छोएका सामान अपवित्र हुने सामाजिक कुप्रथाको बारेमा सुषुप्त विरोधको स्वर मुखरित भएको छ । आफूहरू माथि सदियौँदेखि असमान र अपमानजनक अनि हेलायुक्त व्यवहार गरिँदै आएकाले दलित समुदायको पात्रले अब उप्रान्त चुप लागेर बस्न नसकिने विरोधको स्वर अभिव्यञ्जित भएको छ । पुँजीवाद हावी भएको सामाजिक संरचनामा शिल्पी समुदायको श्रमबाट निर्मित सबै सामग्री आफूहरू उपभोग गर्ने तर समाजमा तिनलाई नीच, कमसल ठानेर हेलायुक्त व्यवहार गर्ने भएकाले त्यसप्रति असहमतिको भाव अभिव्यञ्जित भएको छ । त्यतिमात्र नभएर दलित समुदायको विरोधको स्वर पनि हो । कविताको प्रस्तुत साक्ष्यले सामाजिक संरचनामा कथित दलित समुदायमाथि अन्याय, अच्याचारयुक्त व्यवहारले पराकाष्ठा नै नाघीसकेकोले त्यस्तो गैरकानुनी, अमानवीय र असामाजिक व्यवहारप्रति तीव्र प्रतिरोधी स्वर मुखरित हुनु स्वाभाविक हो । कविताको यस पङ्कतिमा सदियौँदेखि दमित, उत्पीडित र अपहेलित दलित पात्रको कुण्ठासमेतको विष्फोटन भएको हो भन्न सकिन्छ ।

सुवेदीले यस कवितामा दलित समुदायमाथि अन्याय, अत्याचार र ज्यादतीको पनि पराकाष्ठा भइसकेकोले उत्पीडित उक्त समुदाय प्रतिकार गर्न तयार भएको सामाजिक यथार्थको प्रस्तुति दिएका छन् । सामाजिक संरचनामा कथित उच्च वर्ण र जातिका मानिसहरूले कथित तल्लो वर्ण र जातिका मानिसप्रति असहिष्णु र अमानवीय व्यवहार गरेकाले तिनलाई चुनौती दिने भाव यसरी व्यक्त गरिएको छ,

भकुन्डो उफ्रेको पनि देखेको छु मालिक

जति दबायो उति माथि

परम्परा र धर्मको नाउँमा कति दबिएछ कति ।

बल्ल बुझायो सानेले जात, धर्म, संस्कृतिको कखरा

बुझेँ मालिक अचेल

मान्छे सबै एउटै रहेछन्

खालि काम फरक रहेछ । (सुवेदी, २०६२, पृ. २७)

उपर्युक्त साक्ष्यमा दलित समुदायको पात्रको भकुन्डो उफ्रने प्रतीकले कथित उच्च जातीय असमान व्यवहारप्रतिको आक्रोश र कडा विरोधको स्वर अभिव्यञ्जित भएको छ । कवितामा प्रयुक्त दलित पात्रको छोरा साने पढेपछि उसको चेतनाको स्तरमा विकास भएकोले उसले सबै वर्ण र जाति एउटै हुने यथार्थ आफ्नो बुबालाई सिकाएको स्पष्ट छ र यथार्थ पनि यही नै हो, शिक्षाको माध्यमबाट दलितहरूलाई चेतनशील र जागरुक बनाउन सकिन्छ ( Navya 2014, p. 23 ) । यस प्रसङ्गमा दलित पात्रका चेतनामा विकास भएकोले तिनीहरू सामाजिक, सांस्कृतिक अन्याय, अत्याचार, अमानवीय व्यवहारका विरुद्धमा विरोधको स्वर प्रकट गरेका देखिन्छन् । दलितसँग सम्बन्धित लेखन उसको सामाजिक जीवन र सांस्कृतिक सन्दर्भको राजनीतिक स्वरूपको दस्तावेज हो र विचारधारात्मक दृष्टिकोणबाट यसले प्रतिरोधको लागि उत्प्रेरित गर्छ (Navya., 2014, p. 20) । प्रस्तुत कवितामा कवि सुवेदीले दलितका समस्या समाधानका लागि सम्बन्धित समुदायकै पात्रलाई प्रतिरोधका लागि तयार गरेका छन् । यस कवितामा वाचिक प्रतिरोधको स्वर अभिव्यञ्जित भए पनि कायिक प्रतिरोध भने हुन नसकेको अवस्था छ । अतः प्रतिरोधको दृष्टिकोणबाट हेर्दा सुषुप्त प्रतिरोध मात्र भएको भन्न सकिन्छ ।

## समतामूलक स्वर

नेपाली समाजमा विद्यमान विभिन्न खालका असमानताको अन्त्य गरेर विभेदरहित समतामूलक समाज निर्माणको चाहना यस कवितामा छ । सुवेदीले समाजमा वर्गीय, वर्णगत र जातीय असमानता रहेकाले तिनका समूल अन्त्य गरेर विभेदरहित समाजको परिकल्पना गरिएको छ । यस कवितामा सुवेदीले समताको स्वरलाई यसरी प्रस्तुत गरेका छन्, “मानिस ठुलो दिलले हुन्छ ...” (सुवेदी, २०६२, पृ.२६) । यस साक्ष्यले हरेक मानिसले मानवतावादी व्यवहार गर्नुपर्ने आशयलाई व्यक्त गरेको छ । सुवेदीले प्रस्तुत आदर्श कथन देवकोटाको मुनामदन (१९९२) बाट ग्रहण गरेका छन् । यस कथनले मान्छेले मान्छेका बिचमा भेदभाव गर्न नहुने मानवीय व्यवहारको अपेक्षा गरिएको छ । प्रस्तुत कविताको अन्तिम पङ्क्तिमा “देवकोटा बाजे जिन्दावाद” (सुवेदी, २०६२, पृ. २७) भनिएको छ । यस सन्दर्भमा देवकोटाको मानवीय व्यवहार सम्बन्धी उदात्त व्यवहारको मुक्तकण्ठले प्रशंसा गर्न खोजिएको छ । सुवेदीले दलित पात्रको माध्यमबाट पटक पटक देवकोटाको प्रसङ्ग प्रस्तुत गर्न लगाएर अन्याय, अत्याचार, असमानतारहित समतामूलक समाज निर्माणको कामना गरेको देखिन्छ । देवकोटाले मुनामदनमा प्रस्तुत गरेका उपर्युक्त हरफले मानवतावादी विचारधारालाई संवहन

गरेको छ । देवकोटाको बहुचर्चित र उदारवादी उपर्युक्त पङ्कतिको अभिव्यञ्जनाका माध्यमबाट केवल देवकोटा मात्रको जीवनदृष्टि प्रस्तुत भएको छैन । यसको माध्यमबाट कवि सुवेदीको पनि समाज उपेक्षित र उत्पीडित समुदायप्रतिको उदारवादी जीवनदृष्टि अभिव्यक्त भएको छ । यस साक्ष्य कवि सुवेदी मानवतावादका (पक्षधर) देखिन्छन् ।

## निष्कर्ष

प्रस्तुत कवितामा पहाडी ग्रामीण समाजमा विद्यमान वर्णव्यवस्थायुक्त समाजको असमान व्यवहारको सन्दर्भलाई केन्द्रीय कथ्य बनाइएको छ । यस कवितामा एकातिर कथित उच्च वर्ण र जातिका विष्टको अन्याय, अत्याचार, शोषण र दमन देखाइएको छ भने अर्कोतिर कथित दलित समुदायको दमाई जातिका पात्रको सामाजिक, आर्थिक, सांस्कृतिक शोषणका सन्दर्भलाई यथार्थपरक प्रस्तुतीकरण भएको छ । यस कवितामा समाजमा हिन्दु वर्णव्यवस्थाको आडमा निर्मित 'मुलुकी ऐन' लगायतका राजकीय कानुनी दस्तावेजहरूले नै विगतमा वर्णव्यवस्था र जातीय वर्गीकरणका सीमारेखा कोरेर मानव मानव बिच विभेद सिर्जना गरेको तथ्यलाई उजागर गरिएको छ । विगत लामो समयदेखि प्रत्यक्ष रूपमा श्रम, सीपसँग जोडिएको शिल्पी समुदायलाई अछुत मानिने दलितको संज्ञा दिइएको र सोही सांस्कृतिक विमर्शको आधारमा तिनीहरूमाथि थिचोमिचो र अमानवीय व्यवहार गरिँदै आएको समवेदनशील विषयवस्तुको प्रस्तुति छ । धनी वर्ग नै प्रभुत्वशाली हुने समाजमा उसले गरिब वर्ग र कथित दलित समुदायका मानिसहरू विभिन्न खालका शोषण, दमन गर्ने सन्दर्भलाई कवि सुवेदीले प्रस्टसँग प्रस्तुत गरेका छन् । दलित समुदायको पात्रले विष्ट काजीबाट विभिन्न खालका उत्पीडन र दमनकारी व्यवहार भोग्नुपरेको वास्तविकतालाई कविले इमानदारीपूर्वक प्रस्तुत गरेका छन् । यस कवितामा दलित समुदायको पात्रको छोरा सानेलाई पठित बनाएर सामाजिक अनर्गल विषयवस्तु, आदर्शवादी कथनप्रति असहमतिको भावका साथै प्रतिरोधको स्वरलाई समेत स्थान दिएर विभेदरहित समतामूलक समाजको चाहना गरिएको छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, तेजविलास र पुरुषोत्तम रिजाल (सम्पा.२०७७). दलित साहित्य र ऐतिहासिक सन्दर्भ, *नेपाली कथामा दलित.* काठमाडौँ : नेपाल प्रज्ञा– प्रतिष्ठान (पृ.१७—२७) ।

कार्की, ज्ञानबहादुर (२०६८). *नेपालमा जातपात तथा छुवाछुतको इतिहास.* काठमाडौँ : एसिया पब्लिकेसन्स् प्रा.लि. ।

चर्मकार, रूद्र बहादुर (सन् २०२३). *दलित कन्ससनेस इन कन्टेम्पोरेरी नेपाली लिटरेचर.* अप्रकाशित अङ्ग्रेजी विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय ।

त्रिपाठी, सुधा (२०६२). शुभेच्छाका केही शब्द, *विधवा भाउजूहरूको देश.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन (पृ. बे.) ।

पाण्डेय, ताराकान्त (२०७०). समसामयिक प्रगतिशील कवितामा दलित चेतना, *दलित सौन्दर्य– बोध.* राजेन्द्र महर्जन (सम्पा.), ललितपुर : समता फाउन्डेसन ( पृ.१२७–१६२) ।

बराली, रनेन्द्र र डिडी अधिकारी (२०७७). नेपाली साहित्यमा दलित चेतना : पहिलो चरण ( वि.सं.२०११देखि २०४६), *नेपाली दलित साहित्यलेखनको इतिहास.* नेपाल प्रज्ञा– प्रतिष्ठान (पृ.९५—११३) ।

मास्के, चिरञ्जीवी र जीवन लामा यात्रा (२०७७). *दोलखाली सर्जक.* दोलखा : विष्णुलक्ष्मी साहित्यिक पुरस्कार समिति ।

रसाइली, मेघराज (२०७६). *आन्तरिक विभेदको वृत्तान्त– दलित र गैरदलितभित्रका विभेद र छुवाछूत.* राजेन्द्र महर्जन र अर्जुन विश्वकर्मा (सम्पा.), ललितपुर : समता फाउन्डेसन ।

राष्ट्रिय दलित आयोगको प्रतिवेदन—२०६९/७० ।

वैद्य, तुलसीराम, मानन्धर त्रिरत्न र जोशी शंकरलाल (सन् १९९३). *सोसल हिस्ट्री अफ नेपाल.* न्यू दिल्ली : अनमोल पब्लिकेशन्स प्रा.लि. ।

शर्मा, सुकुम (२०७८). समकालीन नेपाली कवितामा पहिचानमूलक चेतना, *समकालीन नेपाली कवितामा युगचेतना.* नेपाल प्रज्ञा– प्रतिष्ठान ।

(पृ. ९७—१६२) ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०५२). लेखकको दुई शब्द, *मुलुकी ऐन एक टिप्पणी.* काठमाडौँ : पैरवी प्रकाशन (पृ. बे.) ।

सुन्दास, पदम (२०७०). दलित साहित्यको नलेखिएको इतिहास, *दलित सौन्दर्य– बोध.* राजेन्द्र महर्जन (सम्पा.). ललितपुर : समता फाउन्डेसन (पृ.३३–५४) ।

सुवेदी, विष्णु (२०६२). लिखे दमाईको पत्र : विष्टका नाउँमा, *विधवा भाउजूहरूको देश.* काठमाडौँ : विवेक सिर्जनशील प्रा.लि. (पृ.२६—२७) ।

Habeeb, G. (2024). *Dalit Literature : An Introduction*. Hyderabad : Maulana Azad National Urdu University.

Navya, V.K. (2014). Caste, gender and resistance: A critical study of Bama's Sangathi, *Socrets*. *2*(1) 20—27).

Singh, H. (2020). Aspects of resistance. Language in India. *20*(12) 218—224) .

Tamilpoo, D. & Dharani, R. (2023). Dalit literature's aesthetics: A study of representation and voice, *Pranav journal of multidisciplinary*. *2*(1) 44–51).